का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ पुस २०८०,
बिहीबार
11 January 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३३७ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अप्ठ्यारोमा एमाले



एमाले जनताले रोजेको पहिलो पार्टी हो, शासन गर्न दिएको शक्ति सत्ता बाहिर छ । यसकारण जनता निराश छन् । पहिलो पार्टी सरकार बाहिर रहेपछि सोझै लोकतन्त्र कमजोर भइहाल्छ ।

**● शंकर पोखरेल**
**महासचिव, एमाले**





ब्यापारीले एमालेलाई भेट्यो । एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्डलाई भेटे । प्रधानमन्त्री प्रचण्डले विद्युत महसुल नतिर्ने उद्योगहरुको सन्दर्भमा छानबिन समिति बनाए । सरकारको निर्णयमा ब्यापारीले समर्थन जनाए । यो घटनाक्रममा एमाले सत्ता बाहिर देखिन्छ त ?

**● विष्णु दाहाल**
**राजनीतिक विश्लेषक**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

नेकपा एमाले गुल्मीले बुधबार प्रशिक्षण कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि थिए - महासचिव शंकर पोखरेल । प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले ४ मंसिर २०७९ को चुनाव स्मरण गरे ।

'एमाले जनताले रोजेको पहिलो पार्टी हो, शासन गर्न दिएको शक्ति सत्ता बाहिर छ । यसकारण जनता निराश छन् । पहिलो पार्टी सरकार बाहिर रहेपछि सोझै लोकतन्त्र कमजोर भइहाल्छ ।' महासचिव पोखरेलले भने ।

अर्थात, एमालेले सत्ताका लागि जनमत पाएको उनको भनाइ थियो । सरकारमा रहन नसकेकोमा गूनासो थियो । तर, संघीय संसदमा एमाले दोस्रो ठूलो दल हो । महासचिव पोखरेले पहिलो पार्टी भएको दाबी गरे जो गलत छ । एमाले समानुपातिक मतमा पहिलो पार्टी भएता पनि प्रत्यक्ष चुनाव समेतको नतिजाका आधारमा एमालेको सिट कांग्रेसको भन्दा ९ सिट कम छ ।

सामान्यतया पहिलो पार्टीले सरकार चलाउने र दोस्रो पार्टीले प्रतिपक्षीको भूमिका खेल्ने अभ्यास संसदीय लोकतन्त्रमा हुने मानिन्छ । तर, संसदीय अंकगणितका दोस्रो र तेस्रो पार्टीले सरकार चलाएको उदाहरण नेपालमै प्रसस्त छन् । अहिले पहिलो पार्टी कांग्रेस र तेस्रो पार्टी माओवादी केन्द्रसहितको सरकार छ । सरकारको नेतृत्वमा तेस्रो पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड छन् । यस्तो अवस्थामा पनि एमाले महासचिव पोखरेल सरकारको आलोचना गरिरहेका छैनन्, सरकारको कामकारबाहीमा खबरदारी गरिरहेका छैनन् । बरु एमालेलाई सत्ताबाहिर राख्दा जनता निराश भएको भनी सत्ताका लागि तयार रहेको बताइरहेका छन् ।

> कहिले मिसन ग्रासरुट त कहिले मध्यपहाडी यात्राका रुपमा एमाले जनतामा गइरहेको छ । तर सरकारको कामकारबाहीलाई लिएर न सर्मथन गर्न सक्छ न विरोध । संवैधानिक नियुक्तिहरुमा भागबण्डा लिइरहेका कारण एमाले सरकारको विरोध गर्न सक्ने अवस्थामा छैन भने सर्मथन गर्न सत्ता बाहिर छ ।

नेताहरुका अनुसार कहिले मिसन ग्रास रुट त कहिले मध्यपहाडी यात्राका रुपमा एमाले जनतामा गइरहेको छ । तर, सरकारको कामकारबाहीलाई लिएर न सर्मथन गर्न सक्छ न विरोध । संवैधानिक नियुक्तिहरुमा भागवण्डा लिइरहेका कारण सरकारको विरोध गर्न सक्ने अवस्थामा छैन भने सर्मथन गर्न सत्ता बाहिर छ । सत्ता गठबन्धनसँगै मिलेर एमालेले राष्ट्रिय सभाको चुनावमा केही सिट लिन खोजेको थियो । तर, त्यस खालको वातावरणले पार्टीलाई नै थप क्षति हुने निष्कर्षमा पुगेर एमाले ब्याक भयो । वर्तमन सत्ता गठबन्धन निरन्तर थप दुई वर्ष कायम रहे २०८२ साल फागुन छि राष्ट्रिय सभामा एमाले एक सिटमा सिमित हुनेछ । यस्तो अवस्थाको आंकलन गरेर एमाले सत्ता गठबन्धनसँग मिलेर भए पनि अगाडि बढ्न खोजिरहेको थियो । तर, राष्ट्रिय सभाको चुनावमा सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षीको महागठबन्धन बन्न सकेन ।

राजनीतिक विश्लेषक विष्णु दाहाल एमालेले सरकारलाई आफू अनुकुल प्रयोग गरिरहेको तर, सत्तामा जान मात्रै नसकिरहेको बताउँछन् ।

'ब्यापारीले एमालेलाई भेट्यो । एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्डलाई भेटे । प्रधानमन्त्री प्रचण्डले विद्युत महसुल नतिर्ने उद्योगहरुको सन्दर्भमा छानबिन »» पृष्ठ २ मा

## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा बाहिर नस्किौंपरेमा भेन्टिलेसन खुला राखौं ।
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं,

*जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## सन्दीप लामिछानेलाई आठ वर्ष कैद

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ पुस ।



बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेले आठ वर्षको कैद सजाय पाएका छन् । बुधबार जिल्ला अदालत काठमाडौंले उनलाई आठ वर्षको कैद, तीन लाख रुपैयाँ जरिवाना र पीडितलाई दुई लाख रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गरेको हो ।

न्यायधीश शिशिरराज ढकालको इजलासले दिएको आदेशमा भनिएको छ, 'पीडितलाई पुग्न गएको मानसिक असर समेतलाई विचार गरी दफा २२८ बमोजिम प्रतिवादीलाई भएको जरिवाना तीन लाख रुपैयाँ र थप दुई लाख रुपैयाँ रकम क्षतिपूर्ति वापत प्रतिवादी सन्दीप लामिछानेबाट पीडित गौशाला २६ लाई भराइ दिने ठहर्छ ।'

यसअघि १३ पुसमा न्यायधीश ढकालकै इजलासले बलात्कार मुद्दामा दोषी ठहर »» पृष्ठ २ मा

### लामिछाने उच्च अदालत जाने

लामिछाने काठमाडौं जिल्ला अदालतले गरेको फैसलाविरुद्ध उच्च अदालतमा पुनरावेदनमा जाने भएका छन् । लामिछानेको पक्षमा वकालत गर्दै आएका अधिवक्ता सरोजकृष्ण घिमिरेले जिल्ला अदालको फैसला पूर्वाग्रही भएको भन्दै न्यायका लागि उच्च अदालतमा जाने बताए । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा नयाँ 'एप्रुभल' खुलाउनेबारे आगामी हप्ता छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस

मलेसियामा आगामी हप्ता विदेशी कामदार भर्ना खुला गर्ने सम्बन्धमा महत्वपूर्ण छलफल हुने भएको छ । मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले आफू र मानव संशाधन मन्त्री स्टिभन सिमबीच आगामी जनवरी १६ तारिकमा विदेशी कामदारको एप्रुभलबारे मन्त्रिपरिषद्मा लैजाने प्रस्तावबारे छलफल गर्न बैठक बोलाएको बताएका छन् ।

मलेसियामा मानव संशाधन मन्त्रालयमा केही दिनअघि आएका मन्त्री सिम चिनियाँमुलका हुन् । उनी बंगलादेशका कामदारभन्दा अन्य देशबाट कामदार ल्याउनुपर्ने धारणाका पक्षपाती मानिन्छन् । गत वर्ष डिसेम्बर ७ तारिकमा निवर्तमान मानव संशाधन मन्त्री वी शिवकुमारले अघिल्लो वर्षदेखि लागू नयाँ विदेशी कामदार भर्ना गर्न प्रतिबन्धको निर्णयमा कुनै नयाँ छलफल नगरेको बताएका थिए । उनी सन् २०२४ मा पनि विदेशी कामदारको नयाँ भर्ना रोक्ने यसअघिको निर्णय यथावत रहनुपर्ने पक्षमा थिए । केही समयका लागि कुनै नयाँ कोटा घोषणा नगर्ने भन्दै उनले भविष्यमा थप विदेशी कामदार भर्ना गर्नुपर्ने आवश्यकताको समीक्षा मात्रै गर्ने पक्षमा रहेको बताएका थिए ।

मन्त्रालयमा भएको नेतृत्व परिवर्तनसँगै नीति पनि परिवर्तन हुने कतिपयको आंकलन छ । मलेसियामा हाल विदेशी कामदारको चाप बढी भएको र भारतीय मूलका मलेसियाली जनसंख्या मात्रै २० लाखभन्दा बढी भइसकेको भन्दै सञ्चारमाध्यमबाट विदेशी कामदार भित्र्याउने सरकारी नीतिको आलोचना भएको छ ।

तर नयाँ मानव संशाधन मन्त्री सिमले विदेशी कामदार भर्नाको सम्बन्धमा लचिलो नीति लिनुपर्ने र विदेशी कामदारको एप्रुभल दिने अख्तियारी आफ्नो मन्त्रालयलाई दिनुपर्ने धारणा राख्दै आएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । मलेसियाका गृह मन्त्रालय र मानव संशाधन मन्त्रालयले वैधानिकरुपमा मलेसिया प्रवेश गरेका विदेशी »» पृष्ठ २ मा

### अमेरिका, पोर्चुगल र टर्की पठाउने भन्दै ठग्ने तीन पक्राउ

**काठमाडौं/मस–** अमेरिका पठाइदिन्छु भनि ५० लाख रुपैयाँमा डिल गरेर २३ लाख ५० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएकी एक महिला पक्राउ परेकी छन् । काठमाडौंको बुढानिलकण्ठ नगरपालिका भंगाल चपली बस्ने ३४ वर्षीया बेन्जु महतले अमरबहादुर पुनलाई वैदेशिक रोजगारीको लागि अमेरिका पठाइदिने र त्यसका लागि ५० लाख रुपैयाँ लाग्छ भनि ठगी गरेको प्रहरीले बताएको छ ।

महतले पुनलाई अमेरिका पुगेपछि मासिक ४ लाख तलब हुने प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु भनि प्रलोभनमा पारी पटक-पटक गरी उक्त रकम लिएको उजुरी परेको र सोही उजुरीका आधारमा महतलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । महतलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले बताएको छ । यस्तै वैदेशिक रोजगारीका लागि टर्की र पोर्चुगल »» पृष्ठ २ मा

**संवैधानिक परिषद् विधेयक**

## प्रधानमन्त्री नै सर्वाधिकार



प्रधानमन्त्रीलाई बाइकट गरेर संवैधानिक परिषद् अगाडि बढ्न सक्ने भन्ने हुँदैन । प्रधानमन्त्री नै सर्वोसर्वा हुने गरी विधेयकमा अनौपचारिक सहमति जुटेको छ ।

**रामहरि खतिवडा**
**सभापति**
**राज्य व्यवस्था समिति**


**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ पुस ।

राज्य व्यवस्था तथा सुशासन समितिले संवैधानिक परिषद्सम्बन्धी विधेयकमा अनौपचारिक रुपमा सहमति जुटाएको छ ।

मंगलबार बसेको समितिको बैठकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का रवि लामिछाने, कांग्रेसका दिलेन्द्र बडु, माओवादी केन्द्रका हितराज पाण्डे र एमालेका रघुजी पन्तलाई अनौपचारिक रुपमा सहमति जुटाउने जिम्मेवारी दिएको हो ।

उक्त जिम्मेवारी पाएपछि चार नेता मंगलबार र बुधबार छलफलमा जुटेका थिए । दुवै छलफलमा सहभागी राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाका अनुसार संवैधानिक परिषद्को कामकारबाहीमा प्रधानमन्त्रीको भूमिका दह्रिलो रहने गरी नै अनौपचारिक सहमति जुटेको छ ।

परिषद्का अध्यक्षको सहमति बेगर नै निर्णयमा पुग्न सक्ने गरी कानुनी व्यवस्थाको वकालत कतिपय सांसदहरुले गरिरहेका बेला संसदको राज्य व्यवस्था तथा सुशासन समितिले बैठक बोलाउन र निर्णय लिन प्रधानमन्त्रीको सहमति अनिवार्य हुने गरी संवैधानिक परिषद् सम्बन्धी विधेयकमा अनौपचारिक सहमति जुटाएको हो । राज्य व्यवस्था »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२६ पुस २०८०, बिहीबार
11 January 2024, Thursday

# पूर्वडीआईजी शाहलाई तीन वर्ष जेल सजाय

**काठमाडौं/मस-** विशेष अदालतले नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) महेशविक्रम शाहलाई भ्रष्टाचार मुद्दामा तीन वर्ष जेल सजाय तोकेको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले सजाय बुधबार उक्त सजाय निर्धारण गरेको हो।



क्षेत्रीय प्रहरी तालिम कार्यालय प्रमुख रहेका बेला रकम हिनामिना गरेको प्रकरणमा तत्कालीन डीआईजी शाहसहित दुई जनालाई अदालतले दोषी ठहर गरेको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शाहलाई रु १६ लाख ६९ हजार बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो। अदालतले सोही रकम नै बिगो र तीन वर्ष कैद सजाय हुने फैसला सुनाएको छ। यस्तै अदालतले उक्त प्रकरणमा पूर्वप्रहरी नायब निरीक्षक दीपेन्द्रप्रसाद पनेरुलाई पनि तीन वर्ष कैद तथा १६ लाख ६९ हजार रुपैयाँ जरिवाना गरेको छ।

## अप्ठ्यारोमा...

समिति बनाए। सरकारको निर्णयमा व्यापारीले समर्थन जनाए। यो घटनाक्रममा एमाले सत्ता बाहिर देखिन्छ त ?' विश्लेषक दाहालको प्रश्न छ।

## सन्दीप ...

गरेको थियो। ३ वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा कसुर निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने भन्दै सजाय निर्धारणका लागि छुट्टै पेशी तोकिएको थियो।

सन्दीप दोषी भए पनि पीडित 'गौशाला २६' पनि बालिग नरहेको अदालतको फैसला थियो। पीडित बालिक भए पनि उनको नाजुक अवस्थाको फाइदा उठाउँदै लामिछानेले जबर्जस्ती करणी गरको अदालतको ठहर गरेको थियो।

नेपालको राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान समेत रहेका लामिछानेविरुद्ध २१ भदौ २०७९ मा जबरजस्ती करणीको उजुरी परेको थियो। उजुरीमा पीडितलाई नगरकोट लगेको र राति फर्केर पिंगलास्थानस्थित होटल काठमाडौं इनमा लगेर बलात्कार गरेको दाबी गरिएको थियो। क्रिकेट खेलका क्रममा लामिछाने क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्न वेष्टइण्डिज पुगेका थिए। २० असोजमा नेपाल फर्किएका उनलार्य विमानस्थलबाटै पत्राउ गरिएको थियो। सरकारी वकिलको कार्यालयमार्फत उनीविरुद्ध बलात्कार चलाइएको थियो। जिल्ला अदालत काठमाडौंले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। त्यसविरुद्ध उनी उच्च अदालतमा गएका थिए। उच्च अदालतले जिल्लाको आदेश उल्टाउँदै उनलाई २० लाख धरौटीमा छाड्न आदेश दियो थियो, तर विदेश जान रोक लगाइएको थियो।

राष्ट्रिय टिममा परेका उनी खेलका लागि विदेश पनि जान पाउनुपर्ने माग गर्दै सर्वोच्च गएका थिए। १५ फागुन २०७९ मा सर्वोच्चले उनलाई खेलका लागि विदेश जाने अनुमति दिएको थियो। तर, जिल्ला अदालतले अन्तिम फैसला दिन भने वर्षौं लगायो। उनको मुद्दामा कयौं पटक पेशी स्थन गरिएको थियो।

## लामिछाने...

कैद सजायको आदेश लगत्तै पत्रकारहरुसँग कुरा गर्दै घिमिरेले कुनै पनि आधार, कारण र प्रमाणहरूले लामिछाने दोषी नरहेको भन्ने आफूहरुलाई लागेको भन्दै पुनरावेदनमा जाने बताए। अधिवक्ता घिमिरेले लामिछानेले समेत आफू निर्दोष रहेको भनिरहेको भन्दै उनले फैसालविरुद्ध उच्च अदालतमा पुग्ने बताए। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ अनुसार लामिछानेले फैसलाविरुद्ध थुनाबाहिरै रहेर पुनरावेदन गर्न पाउने सुविधा पाउँछन्। यही सुविधाको प्रयोग गर्दै उनी उच्च अदालमा जाने भएका हुन।

## मलेसियामा...

कामदारको शोषणको समस्यालाई सम्बोधन गर्न नयाँ नियमावलीहरु जाँच्ने र विद्यमान कानूनमा सुधार गर्ने योजना बनाएको पनि बताएका छन्। मलेसियामा नयाँ कामदारको एप्रुभल खुला भएमा कामदारको लागत घट्ने अपेक्षा गरिएको छ। नयाँ एप्रुभल नहुँदा मलेसियाबाट आउने डिमाण्डका लागि अस्वभाविक लगानी गरिरहनुपर्ने अवस्था रहेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन्।

## अमेरिका...

पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा प्रहरी दुई जनालाई पक्राउ गरेको छ। प्रहरीले संगत थापासमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति १० लाख रुपैयाँ लाग्छ भनि १० लाख रुपैयाँ नै लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा धनकुटा चौबीसे घर भइ हाल काठमाडौं ट्याङलाफाँट बस्ने उर्मिला चेम्जोङलाई पक्राउ गरेको हो। त्यस्तै रमेश थापासमेत ३ जनालाई वैदेशिक रोजगारीका लागि टर्की पठाइदिन्छु भनि ५ लाख ५० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएका नवलपरासी बर्दघाटका महेश तामाङलाई पनि प्रहरीले पक्राउ गरेको छ। तामाङले रमेश थापासमेत ३ जनालाई वैदेशिक रोजगारीका लागि टर्की पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति ४ लाख ५० हजार रुपैयाँ लाग्छ भनि पटक-पटक गरी रकम लिइ ठगी गरेको प्रहरीले बताएको छ। पक्राउ परेकाहरुलाई प्रहरीले थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।

## संवैधानिक...

समितिले विधेयकमाथि संशोधनकर्ता सांसदहरुसँग छलफल सकाएको छ। विधेयकमाथि ८ जना सांसदले ९ वटा संशोधन प्रस्ताव राखेका थिए। प्रमुख प्रतिपक्षी नेकपा एमालेले परिषदमा प्रधानमन्त्री सहमत नहुँदा समेत बहुमतका आधारमा निर्णय गर्न सक्ने व्यवस्था प्रस्ताव गरेको थियो भने यस्तो व्यवस्था स्वीकार गर्न नसकिने सरकार र सत्तारुढ दलहरुको भनाइ थियो। दुबैको सहमति हुने गरी भाषा लेख्ने तर प्रधानमन्त्रीको भूमिका प्रमुख रहने गरी नै विधेयकमा अनौपचारिक सहमति जुटेको राज्य व्यवस्था समिति सभापति खतिवडाको भनाइ छ। उनले भनेका छन्, 'प्रधानमन्त्रीलाई बाइकट गरेर संवैधानिक परिषद अगाडि बढ्न सक्ने भन्ने हुँदैन। प्रधानमन्त्री नै सर्वोसर्वा हुने गरी विधेयकमा अनौपचारिक सहमति जुटेको छ' खतिवडाले भने।

समितिको बैठक बिहीबार राखिएको छ। बिहीबारको बैठकबाट विधेयक पारित गर्ने समितिको तयारी छ। यसअघि मंगलबारको समिति बैठकमा सरकारकी प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रधानमन्त्रीलाई बाइकट गरेर जाने विषयमा बहस आवश्यक नै नरहेको बताएका थिए। बरु सत्तारुढ दल नेपाली कांग्रेसको तर्फबाट संवैधानिक परिषदमा निर्णय लिँदा मत बराबर भएको अवस्थामा प्रधानमन्त्रीको मत दोब्बर हुने व्यवस्थाको प्रस्ताव भएको छ।

रास्वपाले संवैधानिक परिषदबाट हुने नियुक्ति सिफारिस मेरिटका आधारमा हुनुपर्ने भन्दै यसका लागि छुट्टै संयन्त्रको परिकल्पना गरेको छ। विज्ञ समूह बनाएर उक्त समुहले तयार पारेको रोष्टरभित्रबाट संवैधानिक परिषदले नियुक्ति सिफारिस गर्नुपर्ने कानुनी व्यवस्थाको प्रस्ताव रास्वपाको तर्फबाट परेको हो।

संविधानले संवैधानिक परिषदको व्यवस्था गरेको र त्यसलाई सुझाउने गरी अर्को संयन्त्रको परिकल्पना नगरेको सरकारी प्रवक्ता शर्माले बताएकी थिइन्।

सरकार प्रस्तावित विधेयकप्रति र अन्य दलहरु आफ्नो संशोधनमा अडिग रहेको अवस्थामा राज्य व्यवस्था समितिले सहजीकरणका लागि चार नेतालाई सहमतिको प्रयास गर्ने गरी अनौपचारिक रुपमै जिम्मेवारी दिएको हो।

प्रस्तावित विधेयकमा परिषदको बैठक बस्नका लागि गणपूरक संख्या कति हुने र निर्णय गर्दाको प्रक्रिया के हुने भन्ने विषय छ। तत्काल बहाल रहेका सदस्यहरुको बहुमत सदस्य उपस्थित भए गणपूरक संख्या पुग्ने र निर्णयका लागि अध्यक्ष र तत्काल बहाल रहेका कम्तिमा ५० प्रतिशत सदस्य सहमत हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०४/११ मा दर्ता भएको **नेपाल कस्टम सर्भिस प्रा.लि. (प्रा.लि. नं. २९४६५२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# निवृत्त शिक्षक तथा पूर्वप्रधानाध्यापकहरुका लागि 'फेरि भेटौंला' कार्यक्रम सम्पन्न

**रामकुमार श्रेष्ठ/मध्यान्ह**
सुर्यपाल, २५ पुस

विगत लामो समयदेखि विद्यालयमा सेवारत शिक्षक तथा पूर्वप्रधानाध्यापकहरुका लागि फेरि भेटौंला कार्यक्रम सम्पन्न भएको छ। विद्यालय प्रशासन शिक्षक, विद्यालय र विद्यार्थी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ जनप्रतिनिधि, अभिभावक र विद्यार्थीबीच आत्मियता कायम रहिरहोस् भन्ने उद्देश्यका साथ लमजुङको मध्यनेपाल न.पा. -३ सुर्यपाल अवस्थित श्री राम वालोदय आधारभूत विद्यालयका निवृत्त पूर्व शिक्षक तथा प्रधानाध्यापकहरुद्वय तिर्थराज न्यौपाने र परशुराम न्यौपानेको लागि फेरि भेटौंला कार्यक्रम सम्पन्न भएको हो।



कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नेत्र बहादुर बस्नेतको अध्यक्षता र सभापतित्वमा सम्पन्न भएको थियो। विद्यालयका स.प्र.अ.मनमाया साखीले स्वागत मन्तव्य, विद्यालयका प्रधानाध्यापक बाबुराम साँखीको विषय प्रवेश, पूर्व शिक्षक तथा प्रअ परशुराम न्यौपानेको विगत र वर्तमान, पूर्व शिक्षक तथा प्रअ तिर्थराज न्यौपानेको अनुभव र अनुभूतिसँगै कार्यक्रम अगाडि बढेको थियो।

कार्यक्रममा शिक्षकहरुलाई सम्मान गर्ने क्रममा प्रअ साँखीले दोसल्ला ओढाएर, विव्यस अध्यक्ष नेत्रबहादुर बस्नेतले कदरपत्र तथा वडाध्यक्ष केशव न्यौपानेले मायाको चिनो तथा विद्यार्थी छात्र दिपेश नेपाली कक्षा ८ र विद्यार्थी छात्रा अञ्जना नेपाली कक्षा ८ ले ढाका टोपी लगाइदिएर सम्मान गरेका थिए।

यसै क्रममा उपस्थित सम्पुर्ण अतिथि तथा शिक्षाप्रेमी समाजसेवी, शिक्षक र अभिभावक विद्यार्थी सबैले अविर तथा फुलमाला लगाइदिएर उनीहरुको सम्मान गरेका थिए। कार्यक्रममा शिक्षकद्वयले विद्यालय र शैक्षिकस्तर अभिवृद्धिका लागि खेलेको महत्वपूर्ण भूमिका र विषयमा आ-आफ्नो विचार प्रस्तुत गरेका थिए।

यसै सिलसिलामा शिक्षिका सपना नेपाली, त्यसैगरी कक्षा ८ कि छात्रा अञ्जना नेपाली, कक्षा ८ कि छात्रा कुसम खाती, कक्षा ८ कि छात्रा अस्मिता परियार कक्षा ६ कि छात्रा रश्मी श्रेष्ठले आ-आफ्नो नृत्य तथा प्रस्तुती प्रस्तुत गरेका थिए।

कार्यक्रममा मध्यनेपाल नगरपालिका ३ नं. वडा कार्यालय सुर्यपालका वडाध्यक्ष केशव न्यौपाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नेत्रबहादुर बस्नेत, जनप्रतिनिधि चित्र बहादुर थापा, नारायणदत्त साखी, सवला दुलाल, विव्यस सदस्यहरु बाबुराम बस्नेत, अस्मिता न्यौपाने, सुमित्रा श्रेष्ठ, शिअ संघ अध्यक्ष गंगा थापा, पूर्व शिअ संघ अध्यक्ष कुल प्रसाद न्यौपाने, पूर्व विव्यस सदस्यहरु मोहन बहादुर थापा, लोकबहादुर थापा, वडा नं ३ का वडा कार्यालय सचिव सन्तोष बगाले, पूर्व शिक्षक समाजसेवी शिक्षाप्रेमी विश्वनाथ अधिकारी लगायत अन्य अभिभावकहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा वक्ताहरुले विद्यार्थीको शैक्षिक अवस्थाको वर्तमान स्थिति, विद्यालयले चाल्न सक्ने आगामी कदम, विद्यालयको शैक्षिक अवस्था सुधारका निम्ति गर्न सकिने र गर्नुपर्ने पहलबारे बताएका थिए।

कार्यक्रममा विव्यस अध्यक्ष तथा सभापति नेत्रबहादुर बस्नेतले शैक्षिक गुणस्तर सुधारका लागि सबै आफ्नो ठाउँबाट लागिपर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय प्रशासन शिक्षक स्टाफले विभिन्न कदमहरु चाल्दै आइरहेको सन्दर्भमा बिहानी कक्षा निरन्तर रुपमा सञ्चालन हुँदै आइरहेको र अन्य थप कदमहरु पनि चाल्न तयार रहेको विद्यालयका प्रअ साखीले बताए।

कार्यक्रममा पूर्वशिक्षक तथा प्रअ परशुराम न्यौपानेले विद्यालयमा क्रियाशील रामवालोदय बाल क्लवका अध्यक्ष कुसुम खाती र नेजुरेस रामवालोदयका अध्यक्ष दिपेश नेपालीलाई कोषमा रहने गरी एक/एक हजार रुपैयाँ प्रदान गर्नुका साथै विद्यालयको लागि चन्दा ५ हजार पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

**Invitation for Bids**

**Kalinchok Rural Municipality**
**Office of the Rural Municipal Executive**
Sunkhani, Dolakha
Bagmati Pradesh Nepal

**Date of publication : 11 January 2024 (2080.09.26 )**

1. *Kalinchok Rural Municipality* invites electronic bids from eligible bidders for the following project as stated in SN 1 under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of ***Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive, Sunkhani, Dolakha*** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

| SN | Name of project | Contract no. | Estimated amount (excluding VAT), NRs. | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1 | Tamakhani Lampokhari Ward-3, 4 khanepani Aayojana | KRM/NCB/Works/Dolakha/07/2080/81 | 8490700.90 | 2,50,000 | 3,000.00 | February 11, 2024 |

For further information: (website : **kalinchowkmun.gov.np**

***Chief Administrative Officer***

**Shivasatakshi Municipality**
**Office Of The Municipal Executive**
**Koshi Province, Jhapa**

**Invitation for online Bids**

Date of Publication : **2080/09/26 (11-Jan-2024)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Period | Minimum Bid Security Amount | Bid Security Validity Period | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 15/SM/NCB/Cons/2080/081 | Construction and Maintenance of Saraswati Primary School Building , | Nrs 3000.00 | **Nrs** 30,25,757.94 | 90 Days After Bid opening | **Nrs** 86,500 | 30 Days beyond the Validity of Bid | 11-Feb-2024 12: 00 Hours | 11-Feb-2024 14: 00 Hours |

2. **Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no.: 29601400000017**
3. If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
4. A complete set of Bidding Documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**

# हार्दिक बधाई तथा शुभकामना

# नेपाल आयल निगम लि.

## Nepal Oil Corporation Limited

ठेगाना: टेकु, काठमाडौं

नेपाल आयल निगम

५४औं वर्षमा प्रवेश

---

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**HBL** हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**PRABHU BANK**

**कुमारी बैंक लिमिटेड**
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**PRIME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

**Citizens Bank**

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**PRABHU HELICOPTER**
Anybody can fly
Prabhu Group Building
Kamaladi-28, Kathmandu
Ph.: +977-9801120377, 9801120015
Web: www.prabhuhelicopter.com

**Yeti Airlines**
Tilganga, Kathmandu, Nepal
Ph.: 01-5719000

**Tara Air**
Helping Develop Rural Nepal
Tilganga, Kathmandu, Phone : 01-5719111
Email: info@taraair.com, Web: www.taraair.com

**Saurya Airlines**
Fly the spirit of Nepal
Babu Ram Acharya Marg, Sinamangal - 9
Kathmandu, Nepal
Tel: 4116608 / 4116609
Reservation: 4116626
Web: www.sauryaairlines.com

**हिमालय एयरलाइन्स HIMALAYA AIRLINES**
First Registered
IOSA OPERATOR
in Nepal
Gairidhara - 2, Kathmandu, +977 1 4004000
www.himalaya-airlines.com

**Simrik Air**
Always standby at your service...
Puspa Marg, Subidhanagar,Tinkune, Kathmandu, Nepal
Tel: +977 1 4155341 / 42 / 43 Fax: +977 1 4155345 / 46
E-mail: info@simrikair.com.np, Website: www.simrikair.com

**AIR DYNASTY HELI SERVICES**
Air Dynasty Heli Services (P) Ltd.
PO BOX No: 10112, Sinamangal, Kathmandu
Tel: 4477560, 561, 562 Fax: + 977 1 4468802
E-mail: info@airdynasty.com

**Kailash Helicopter Services**
"The Spirit of Nepal"
KAILASH HELICOPTER SERVICES LTD.
For More: +977 9801908301/02/03 operation@kailashheli.com www.kailashheli.com

**SITA AIR**
Baburam Acharya Marg, Sinamangal -09, Kathmandu, Nepal
Ph: 977-1-4110710, 4110642, 4110682, 4467768(KTM Airport)
Fax: 977-1-4116646, Email:corporate@sitaair.com.np
www.sitaair.com.np

**shree airlines**
Fly the new high
Head Office:Baburam Acharya Sadak,
Sinamangal, Kathmandu
Tel: 4496200, 4496700

**HELI EVEREST®**
PRIDE OF HIMALAYAS
Heli Everest Pvt. Ltd.
P.O.Box: 850, Tinkune, Dabur Building (4th floor), Kathmandu, Nepal
Phone Number: 014112353,Mobile: 9810129861

**Guna Airlines**
Aloknagar Marg, Minbhawan,
Kathmandu, Nepal
Tel: 4106691 | 92 | 93 | 94
Email: info@flyguna.com
Website: www.flyguna.com

**ALTITUDE AIR**
Above and Beyond
Altitude Air Pvt. Ltd.
Sinamangal, Kathmandu

**MOUNTAIN HELICOPTERS PVT.LTD.**
your safety is our priority
PEPSICOLA, KATHMANDU, NEPAL
PH: 977-1-4111031/4111032/4111050/51, FAX: 977-1-4111049

**MANANG AIR**
106, N.K. Singh Marga
Minbhawan, Kathmandu
Tel: 4115985, 4995986/7/8/9
Fax: +977 1 4115984
E-mail: info@manangair.com.np
Web: www.manangair.com.np

**HOTEL Mystic Mountain**
Nagarkot

**SIPRADI**
SIPRADI TRADING P. LTD.
A Distributor of TATA Vehicles

**नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ**
परिवार
केन्द्रिय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
फो. न. ०१-४७९१३१३

**नेपाल एल.पि. ग्यास उद्योग संघ**
NEPAL L.P. GAS INDUSTRY ASSOCIATION 2056
शिव प्रसाद घिमिरे
अध्यक्ष
परिवार
अनामनगर, काठमाण्डौ

**Mali Oil Store**
Kalimati, Kathmandu
Ph.: 01-5370486
5383241

**नेवा: ट्रेड कन्सर्न प्रा. लि.**
ढल्को, काठमाडौं

**Bhaktapur Fuel Center**
Aadarsha, Bhaktapur
Ph.: 01-6618354

**Shree Kumari Oil Store**
Battisputali
Kathmandu

**Jubi Enterprises**
Jorpati
Gokarneshwor-6
Ph.: 01-4916845

**Trilochan Enterprises**
Pani Pokhari, Kathmandu
Ph.: 01-4411994

**Lalit Marketing Center**
Champi-9, Tika Bhairab
Lalitpur

**Bhadra Fuel Center**
Baluwakhani,
Kapan

**H.R. Housing & Oil Stores Pvt. Ltd.**
Nilopul, Sukedhara
Kathmandu

**Mahakali Oil Store**
Shrijananagar, Sallaghari
Bhaktapur
Ph.: 01-6611487

**Kanak Trade Center**
Teku, Kathmandu
Ph.: 01-4254539

**Rajdhani Oil Store**
Chabahil, Kathmandu

**Maheshwori Oil Store**
Suryabinayak
Bhaktapur
Ph.: 01-6612562

**Wanjala Suppliers**
Thankot, Kathmandu
Ph.: 01-4312708

**Jagulu Oil Stores Pvt. Ltd.**
Shankhadhar Chowk
Naya Thimi
Ph.: 01-6631343

**Chuchhepati Fuel Center Pvt. Ltd**
Chuchhepati, Chabahil
Ph.: 01-4584572

**Jayanti Oil Store**
Tripureshwor, Kathmandu
Ph.: 01-4117311

**New Puspanjali Oil Traders Pvt. Ltd.**
JayBageshwori
Kathmandu

**Elite Fuel Concern**
Sukedhara, Kathmandu
Ph.: 01-4650186

**Chakrapath Fuel Center**
Balaju-16
Kathmandu
Ph.: 01-4958802

मध्यान्ह
www.madhyanhadaily.com
२६ पुस २०८०, बिहीबार
11 January 2024, Thursday

## सम्पादकीय

### छुट्न नहुने साथहरू

एकपछि अर्को परिघटनाले जाजरकोट भूकम्प पीडितहरूको समस्या ओझेल परेको छ । गत २७ कात्तिकको मध्यराति गएको ६.४ म्याग्निच्यूडको भूकम्पबाट १५४ जनाको ज्यान गएको थियो भने ३६ हजार बढी घरविहीन भएका थिए । भूकम्प गएको केही समयसम्म जाजरकोट, पश्चिम रूकुम लगायत जिल्लामा मानवीय तथा आर्थिक सहयोग गर्नेहरू पुगेका थिए । सरकारले पनि उद्धारमा ठूलै प्रयास गरेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफै स्थलगत अनुगमनमा पुगेका थिए भने अरू मन्त्री र सांसदहरूले उद्धारको पहल गरेका थिए । सिंगो मुलुकको ध्यान केन्द्रित हुँदा उद्धार कार्य प्रभावकारी नै देखिएको थियो । तर अस्थायी पुनर्स्थापना र राहत वितरणको काम असाध्यै ढिलो भयो । भूकम्पबाट बाँचेकाहरूले चिसोबाट ज्यान जोगाउन नसकेनन् ।

विशेषगरी बृद्धबृद्धा र सुत्केरीलाई चिसोबाट जोगाउन कठिन देखियो । अहिले चिसोबाट ज्यान गुमाउनेहरूको खबर समेत आउन छोडिसकेको छ । तर स्थानीय जनप्रतिनिधिहरूका अनुसार, भूकम्प पीडितको दिनचर्या असाध्यै कष्टपूर्ण छ । त्यसैपनि हिमाली र विकट जिल्ला भएकाले चिसोबाट जोगिन कठिन हुन्थ्यो । अझ पुर्खौली सम्पत्तिका रूपमा रहेको घर समेत भूकम्पले भत्काएपछि त्रिपालको बास बस्नु परेको छ । न्यानो कपडा र खानेकुराको अभावले युवा उमेरकै नागरिकलाई गाह्रो परिरहेका बेला बालबालिका, सुत्केरी र बृद्ध अवस्थाकालाई जोगाउन कठिन परिरहेको छ । लामो समयसम्म अस्थायी टहराकै निम्ति सरकारी संयन्त्र अल्झियो, जसले गर्दा यो हिउँद त्रिपालमै बिताउनुपर्ने परिस्थिति सिर्जना भइसकेको छ ।

अझ एकपछि अर्को राष्ट्रिय घटनाक्रमले भूकम्प पीडितहरूको वास्तविकता ओझेलमा परेको छ । राजनीतिक घटनाक्रम, नेताहरूले लिने अप्रिय निर्णय, सरकारी संयन्त्रको अविवेकपूर्ण गतिविधिमै सिंगो देशको ध्यान तानिरहेको छ । पार्टी नेतृत्वकै इसारामा दौडिने कार्यकर्ताहरूको प्राथमिकतामा समेत अहिले भूकम्प प्रभावित क्षेत्र देखिदैन । भूकम्प गएपछि केही समय ती क्षेत्रमा खटिएका पार्टी कार्यकर्ता फर्किसकेका छन् । तर अहिले पनि भूकम्प प्रभावितहरूलाई उत्तिकै मानवीय सहयोगको खाँचो छ । पीडितहरू मिलेर अस्थायी टहरा बनाइरहेका छन्, स्कूल र स्वास्थ्य चौकी भवन निर्माणमा जुटेका छन् । त्यसैपनि हिउँदको समयमा यी क्षेत्र रित्तो हुने गरेको थियो । अझ भएकै संरचना भत्किएपछि जिविकाको समेत चिन्ता उनीहरूमा थपिएको छ । त्यसैले अहिले पनि भूकम्प पीडितहरूलाई मानवीय सहयोगको खाँचो छ । यसतर्फ आमनागरिक पंक्तिकै ध्यान जान जरूरी छ । सत्ताको नेतृत्व गर्नेहरूले सोच्नुपर्नेछ ।

# गया औँसीको महिमा र शास्त्रीय महत्व

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालिको गया औंसी यही पौष २६ गते बृहस्पतिबार परेको छ । धनुर्मास, धन राशिका सूर्य पौष महिना, माछ्लालाई पनि जाडो लाग्ने मीन पचासको समय त हुँदै हो, हामी संसारको उत्तरी गोलार्द्धमा भएको र हिम शिखरहरू बोकेको देश भएकाले पनि बढी चिसो हुनु स्वाभाविकै हो । हिउँद र फुर्सदिलो समय भएकाले तीर्थाटन, त्यो पनि अलिक न्यानो क्षेत्रतिर जानेको संख्या पनि कम छैन यो समयमा । 'तृ' धातुमा 'थक' प्रत्यय लाग्दा तीर्थ शब्द बन्छ । तीर्यते अनेन अर्थात् जसबाट तरिन्छ, त्यसको नाम तीर्थ हो । तरति पापादिकं यस्मात् अर्थात् जसबाट पापहरूबाट मुक्ति मिल्छ त्यसलाई तीर्थ भनिन्छ र 'अन्यक्षेत्रे कृतं पापं तीर्थक्षेत्रे विनश्यति, तीर्थक्षेत्रे कृतं पापं बज्रलेपो भविष्यति' भन्ने अर्थमा अरू क्षेत्रमा अन्जानमा भएका पाप तीर्थ क्षेत्रबाट नास हुन्छन् भने तीर्थ क्षेत्रमा भएका पाप भने बज्र समान स्थिर भएर रहन्छन् । तीर्थ स्थावर र जंगम गरी दुई प्रकारको हुन्छ । त्यसमा पनि जलको महत्वले तीर्थ हुन्छ भने माटोको महत्वले धाम हुन्छ । धर्तीमा स्थिर रहेर पुण्य प्रदान गरिने क्षेत्र स्थावर हो भने चलायमान क्षेत्र भनौ चलफिर गरी प्राप्त हुने पुण्यलाई जंगम तीर्थ भनिन्छ । शास्त्रको अध्ययन, सत्संग, कथा, पुराण आदि भगवत् नाम संकिर्तनलाई जंगम तीर्थ भनिन्छ ।

भागवतको विश्राम श्लोकले 'नाम संकिर्तनं यस्य सर्व पाप प्रणाशनम् प्रणामो दुःख शमनं तं नमामि हरिम् परम्' भनेको छ । भागवतको आद्य श्लोक भनेको 'सच्चिदानन्दरूपाय विश्वोत्पत्यादिहेतवे तापत्रय विनाशाय श्रीकृष्णाय वयं नुमः' हो । अर्थात् सृष्टि, स्थिति र संहारका प्रतीक, मानिसका तीन किसिमका ताप आध्यात्मिक, आदि दैविक र आदि भौतिक ताप शमन गर्ने श्रीकृष्णलाई नमन र भगवत् नामले जीवका सबै पापहरू नास हुन्छन् भन्ने यी वाक्यहरूको मर्म हो । त्यसैले महाकविले आर्यघाटमा अन्तिम विश्राम लिँदा भनेः 'आखिर श्रीकृष्ण रहेछ एक न भक्ति भो ज्ञान न भो विवेक' ।

जति प्रयत्न गरे पनि संसारका स्थावर तीर्थ सबै भेट्न सकिन्न, त्यसैले स्कन्द पुराणले भनेको छ 'सत्यतीर्थं क्षमा तीर्थं तीर्थमिन्द्रियनिग्रहः सर्वभूत दया तीर्थं तीर्थंच प्रियवादिता, ज्ञान तीथं तपस्तीर्थं कथितं तीर्थ सप्तकम्' । अर्थात् मानिसको विधि व्यवहार सत्यवादिता, अरूप्रतिको क्षमा भाव, आफ्ना इन्द्रियहरूलाई शमन, सबै प्राणीप्रतिको दया, प्यारो र मिठो वचन, ज्ञान प्राप्ति र वितरण, मन, वचन र कर्मप्रतिको तप यी सात प्रकारका तीर्थ सेवन जरुरी छ । महाभारतमा भगवन् श्रीकृष्ण युधिष्ठिरलाई भन्नु हुन्छ 'आत्मा नदी संयमपुण्यतीर्था: सत्योदकाः शीलतटा दयोर्मिः तत्रावगाहं कुरु पाण्डुपुत्र न वारिणा शुद्ध्यति चान्तरात्मा' । अर्थात् आत्मा नदी हो, संयम तीर्थ हो, सत्य जल हो, दया नदीका किनारा हुन्, पानीले मात्र शुद्ध हुने होइन । अन्तरआत्मामा डुबुल्की मार्नुपर्छ, जसरी गोताखोरहरूले समुद्रको मणि लिन सक्छन्, पानीले मात्र शुद्ध हुने भए त जलचरहरूले ठूलो पुण्य कमाउँथे ।

त्यसो त गृहस्थ जीवन आफैं तीर्थ क्षेत्र हो र त हाम्रा महाकविले भने 'हाडहरूका सुन्दर खम्बा मांश पिण्डका दिवार नसा नदीका तरल तरंग मन्दिर आफैं अपार' । माता तीर्थ, पिता तीर्थ, गुरु तीर्थ, भक्त तीर्थ, पति तीर्थ, पत्नी तीर्थ यी सबै तीर्थमा गोता लाउँदा गृहस्थ जीवन आफैँमा तीर्थ बन्छ अर्थात् बुवा-आमाको सेवा, गुरूप्रतिको श्रद्धा, भक्तजनको सेवा, पति पत्नी बीचको सामञ्जस्यता यी तीर्थ सेवा नै हुन् । त्यसैले स्थावर वा जंगम जुन तीर्थमा पुगे पनि हात, खुट्टाको संयम, मन, बुद्धिको संयम, विद्या र तपको संयम, सन्तोष र उपकार, दम्भ र आहारको संयम, जननेन्द्रियको भाव र व्यवहार, कुभाषण नगर्ने, खराब संगतबाट टाढा रहने, क्रोधको अभाव, मतिले गति निर्धारण गरी सत्यवादी, दृढ निश्चयी भई हर प्राणीप्रतिको दयाले ईश्वरको याद हुने हुन्छ, ईश्वरको याद भनेको गृहस्थको तीर्थको जीवन यापन हो, भनेको घरै तीर्थ हो । नीतिले भनेको छ 'तीर्थानि सर्वाणि बसन्ति तत्र यत्राच्युतोद्दार कथा प्रसङ्ग' । अर्थात् कलिमा स्थावर तीर्थमा प्रदूषण बढ्छ, प्रदूषण भन्नु नै पाप हो त्यसैले तीर्थ त्यहीँ हुन्छ जहाँ भगवत् सेवा, चर्चा, चिन्तन, कथा प्रसङ्ग, लीला अवतार प्रसङ्ग र तिनका नाम जहाँ लिइन्छ त्यहीँ तीर्थ हुन्छ र शास्त्रकारहरूले यसैलाई जंगम तीर्थ भनेका हुन् ।

हजारौं योजन (एक योजन बराबर चार कोश) टाढाबाट गंगाको नाम लिए पनि सबै किसिमका पाप, कल्मषहरू हट्ने छन् भनिएको छ 'गंगा गंगेति यो ब्र्यात् योजनानां शतैरपि मुच्यते सर्व पापेभ्यः विष्णुलोकं स गच्छिति' । मूल कुरा शास्त्रको भनाइ इन्द्रिय निग्रह हो, नीतिले भनेको छ 'आपदां कथित मार्गमिद्रियाणांमशंयम तज्जयं सुकृतं मार्गं येनेष्टं तेन गम्यताम्' अर्थात् इन्द्रिय अशंयमी हुनु भनेको कुमार्ग र त्यसमाथिको विजय भनेको सुमार्ग हो जुन मन लाग्छ त्यही अपनाऊ किनभने शास्त्र शास्त्र भएर आउँदैन बाटो मात्रै देखाउँछ । माथिका प्रसङ्गले जीवन र दर्शनप्रतिको यथार्थ चित्रण हुन्छ । मौसम जाडोको छ नदीहरू पनि शुद्ध छैनन् अहिले, कारण नदी बिगार्ने त मानिस नै हो अरु कोही होइन ।



*गया औँसीका दिन सके तीर्थ, खोला, जलाशय, सागर आदिमा स्नान गर्नाले जीवनमा अपार पुण्य र आनन्द मिल्छ भन्ने कुरा शास्त्रहरूमा उल्लेख छ । यस दिन टाढा जान नसक्नेहरूले घरमै स्नान गर्दा पनि तीर्थहरूको नाम स्मरण गर्दै, मन्त्रोच्चारण गर्दै स्नान, सन्ध्या र यथाशक्य दान, पुण्य गर्नाले आफ्नो शरीर पवित्र हुने र मन अनि धन पनि पवित्र हुने कुरा बताइएको छ । तन शुद्धि स्नानले, धनशुद्धि दानले, मन शुद्धि ध्यानले हुने कुरा शास्त्रमा बताइएको छ ।*

पौष महिनाको औँसीलाई गया औँसी भन्ने चलन छ, पश्चिमी संस्कृतिमा हुर्केकाहरूले आफू वयस्क भएपछि आफ्ना बाबु आमाप्रति त्यति चासो राख्ने गरेको पाइँदैन र पैतृक सम्पत्तिमा पनि अनिवार्य प्राप्तिको हक रहँदैन तर, पूर्वी सनातन संस्कृतिमा आफ्ना सन्ततिले बाँचुन्जेल बाबु-आमाप्रति आदर, मृत्युपछि श्राद्ध कार्य र त्यसपछि तीर्थमा श्राद्ध गर्नुपर्ने मान्यता छ । वंश र अंश परम्परामा भारी विश्वास गरिने हाम्रो पूर्वीय संस्कृतिलाई आज संसारका धेरै मानिसले अनुसन्धान गर्न लागेका छन् । यस लोकमा सुख, शान्ति, आनन्द र परलोकमा गति मुक्तिको विश्वासमा रहेको पूर्वीय जीवन दर्शनको सभ्यता कुनै व्यक्ति विशेषले चलाएको नभई आर्य परम्परा युगौं युगदेखि निर्मित र अविच्छिन्न हुँदै आएको हो ।

दैवी वाक्यका रूपमा लिइने यस पद्धति र परम्परा विश्वकै एक अनुपम र अनुसन्धेय विषय रहेको छ । पितृप्रति गरिने आदर र उनीहरूबाट प्राप्त आशीर्वादको बदला स्वरूप पवित्र क्षेत्रमा तीर्थ श्राद्ध गर्ने हाम्रो चलन छ । यसैले तीर्थ, धाम र अन्य दैवी क्षेत्रमा पौष कृष्ण र भाद्र औँशीमा अपार भीड लाग्ने गर्छ हाम्रो देशका विभिन्न क्षेत्रमा । तीर्थ श्राद्धमध्ये गया श्राद्ध गर्ने दिनलाई पुस कृष्ण औँशी भनिन्छ । सबै तीर्थका ढोका खुल्ने पनि गोकर्ण श्राद्ध पछि नै हो । गोकर्ण, वेत्रावती, काकवेणी वा कोकामा पिण्डदान नगरेसम्म अन्य गया, फल्गु वा कुनै तीर्थ वा धाम क्षेत्रका ढोका नखुल्ने आम शास्त्रीय जन विश्वास अनुरूप यी क्षेत्रहरूले अधिक महत्व पाएका छन् । सप्तगण्डकीका कुनै क्षेत्रमा श्राद्ध गर्नाले पनि पितृ मुक्ति हुन्छन् ।

अघि तारकासुर, त्रिपुरासुर कुलमा जन्मिएको गयासुरले परमेश्वरलाई तपद्वारा खुसी गराउँदा ठूलो दान, पुण्य, तीर्थ, समुद्र र ऋषि महर्षिहरूलाई समेत पवित्र पार्ने क्षमता पाउँ भनी वरदान मागेकोले र आफू सुतेको शिलामा सम्पूर्ण देवताहरू बसून भन्नेसमेत वरदान मागेकोले गयासुरले पाएको बरदान र शक्ति अनुरूप गयामा गएर तीर्थ श्राद्ध गरेमा आफ्ना सबै पितृहरूको उद्धार हुने विश्वास अद्यापि छँदैछ । गयामा श्राद्ध गरेपछि प्रेत योनीमा भड्केकाहरू पनि मुक्ति हुने विश्वास रहेको छ । अघि मर्यादा पुरुष राम र आदर्श पत्नी सीताले समेत गयाको महत्व बुझी पितृहरूको नाममा श्राद्ध कर्म गरिएका प्रसंग धेरै शास्त्रहरूले मुक्त कण्ठले प्रशंसा गरेका छन् । पद्मपुराण, महाभारत, ब्रह्मवैवर्तपुराण, वाराहपुराण आदिमा तीर्थ श्राद्धको महत्व बताइएको छ भने स्कन्दपुराणमा हिमालयक्षेत्रबाट बग्दै आएकी नदीका सङ्गमहरूमा तीर्थ श्राद्धको अधीक पुण्य रहने बताइएको छ । गयामा भने विष्णुपद, अक्षयवट र फल्गुनदीलाई अधिक महत्वले हेरिएको छ । गयाभन्दा पनि प्राचीन स्थल हाम्रो कौशिकी क्षेत्र हो । गया क्षेत्र वा अन्य प्रसिद्ध तीर्थक्षेत्र जान नसक्नेहरूले घरमै श्राद्ध गर्दा पनि गयाको नामोच्चारण, गीताको पाठ, रामगीता, भागवतको केही श्लोकहरूको अध्ययन गर्नाले पनि गया श्राद्धको पुण्य मिल्ने कुरामा शास्त्रहरू विश्वस्त छन् ।

चिसै मौसम भए पनि गया औँशीका दिन सके तीर्थ, खोला, जलाशय, सागर आदिमा स्नान गर्नाले जीवनमा अपार पुण्य र आनन्द मिल्छ भने टाढा जान नसक्नेहरूले घरमै स्नान गर्दा पनि तीर्थहरूको नाम, पवित्र नदी गङ्गा, गायत्रीको स्मरण, मन्त्रोच्चारण गर्दै स्नान, सन्ध्या र यथाशक्य दान, पुण्य गर्नाले आफ्नो शरीर पवित्र त हुन्छ नै, मन र धन पनि पवित्र हुनेगर्छ । तन शुद्धि स्नानले, धनशुद्धि दानले, मन शुद्धि ध्यानले हुन्छ । तन, मन र धन तीन कुरानै शुद्धि पाउनु आजको प्रतिस्पर्धात्मक समयमा निकै गाह्रो छ । प्रदूषण र खोलानालाहरू फोहोरका डंगुरले भरिएको परिप्रेक्ष्यमा दैवी सम्पदामा रहेका तीर्थ, नदी, क्षेत्रहरूमा जलभण्डार रहन दिने र सफा, सुन्दर र सौन्दर्ययुक्त वातावरण हुने अवस्था भए संसारका अन्य मानिसहरू पनि हामीप्रति आकर्षित हुनेछन् । श्रीपितृ अर्पणमस्तु, हाम्रो देशमा कुनै भड्केका पितृहर भए सबै तरुन् शुभेच्छा ।

## सामाजिक सञ्जाल



- मुमाराम खनाल

इतिहास हदैसम्म निर्मम हुन्छ । जीवनभरी मध्यपन्थी, उग्रपन्थी र दक्षिणपन्थी अवसरवादको ठिमाह नै 'वैद्य-प्रचण्डको राजनीति हो' भन्दै आएका बयोवृद्ध नेता मोहनविक्रम सिंहले जति प्रचण्डको 'मध्यमन्थी अवसरवाद'बाट अवसर कसैले पाएका छैनन् । उनकी श्रीमती त 'गिनिज-बुक'मै पर्छिन् ।



- सरोज पोखरेल

पहिला पोखरा र भैरहवा एयरपोर्टलाई सफलतापूर्वक चलाई सकेपछि निजगढ विमानस्थल बनाए हुँदैन ? पहिला फास्ट ट्र्याक, हुलाकी मार्ग, पहाडी लोक मार्गलगायत अन्य निर्माणाधिन उपरी राजमार्गलाई द्रुतरूपमा सम्पन्न गरिसके पछि सुरूङ्ग मार्गहरू बनाए हुँदैन ? जसरी हुन्छ देश लुट्ने मात्र ध्यान छ यी सुँगुरहरूको !



- भीम रावल

नेपालका राजनीतिक दलहरूले फेरि संविधानको धारा २६९ को उल्लंघन गरेका छन् । प्रतिस्पर्धात्मक लोकतन्त्र र जनप्रतिनिधित्वको मूल्य र मान्यता कुल्चेका छन् । राष्ट्रिय सभालाई दलीय गुट स्वार्थ साधनाको गोटीमा झार्ने कृत्य जारी राखेका छन् । संविधान लेख्दाका उद्देश्य र अपेक्षामा घात गरिएको छ ।



- निर्मल प्रसाइँ

स्वविवेक निर्णय लिन नसक्ने राष्ट्रपति, बोझिलो उपराष्ट्रपति, हरूवाहरूको राष्ट्रियसभा, आरजु राणाहरूले दुरुपयोग गर्ने प्रतिनिधिसभाको समानुपातिक कोटा, रोज राणा र दीपक मनाडेले रजाईं गर्ने प्रदेश सरकार, चाँडोभन्दा चाँडो खारेज गरेर मुलुकलाई लुटिनबाट जोगाऊँ । सर्वोच्चले हस्तक्षेप गरोस् ।

# महिला र मुक्तिका कुरा

टिप्पणी



● सरस्वती महरा

*दुनियाँ बदल्न भौतिकरूपले र परिस्थितिले नै बाध्य श्रमजीवी सर्वहारा महिलाहरूले नै ढिलोचाँडो दुनियाँ बदल्नेछन् । जससित दुनियाँ बदल्ने संघर्षको विकल्पदेखि बाहेक अरू कुनै विकल्प, साधन, सहुलियत र सुविधाहरू छैनन् र हुँदैनन् ।*

सर्वहारा-श्रमजीवी महिलाहरूले सामन्ती, पुँजीवादी, रूढिवादी मान्यताहरूसित खासै कुनै सरोकार राख्दैनन् । निम्नपुँजीवादी-मध्यमवर्गीय बुद्धिजीवीहरू किताब घोकेर, पढेर र क्रान्तिकारी सिद्धान्तको ज्ञान भएर पनि क्रान्तिकारी बन्न सक्दैनन् । परिवर्तनको पक्षमा आफूलाई बदल्न सक्दैनन् वा गाह्रो हुन्छ । निम्न मध्यम वर्ग र मध्यम वर्गीय स्त्रीहरूको हकमा पनि त्यही कुरा लागु हुन्छ ।

नीजि सम्पत्तिमा आधारित पितृसत्तावादका कारण सर्वहारा पुरूषहरूबाट समेत पीडित हुनु परेका श्रमजीवी महिलाहरू हरेक दिन, हरेक पल, हरेक क्षण बाँच्नको लागि संघर्ष गर्नुपर्ने हुँदा संघर्ष बिना बाँच्न सक्दैनन् । जीवन र संघर्षमा फरक नहुने, जीवन र संघर्षलाई एउटै रूपमा बुझ्ने ती महिलाहरूले नै जीवन र संघर्षको मूल्य पनि बुझ्दछन् र अन्ततः जीवन र संघर्षको मूल्य बुझ्ने क्रममा ती महिलाहरुले दुनियाँलाई पनि बदल्दछन् ।

निम्न मध्यम वर्ग र मध्यम वर्गका महिलाहरू जीवनका लागि, बाँच्नका लागि सर्वहारा महिलाहरूले जस्तो संघर्ष गर्दैनन् । ती सुविधाहरू, अधिकतम् र अतिरिक्त सुबिधाहरूका लागि संघर्ष गर्छन् । सम्भ्रान्त बुर्जुवा मध्यम वर्गीय नारीवादी स्त्री चेतनाले स्त्री अस्मिता र अस्तित्वको प्रश्न सत्ता र व्यवस्थासँग होइन, बरञ्च त्यही व्यवस्थाको मार खप्नु परेका पुरुषहरूसँग गर्दछन् । ती पितृसत्तावादको त विरोध गर्छन् तर पितृसतावादको मुल नीजि सम्पत्तिको व्यवस्थाको भने विरोध गर्दैनन् । मुलमा नीजि सम्पत्तिले संरक्षण दिने पितृसत्तात्मक व्यवस्थामा नीजि सम्पत्ति नहुने महिलाहरू जस्तै, नीजि सम्पत्ति नहुने बहुसंख्यक पुरुषहरू पनि पीडित छन् र हुन्छन् भन्ने कुरालाई उनीहरू स्वीकार्दैनन् ।

यस्तो अवस्थामा पुरूषको मात्र बिरोधले स्त्री स्वतन्त्रता र स्त्री मुक्तिका कुरा पनि आभाषी मात्रै बन्ने कुरा पनि अस्वीकार गर्छन् । सो जत्तिसुकै ऱ्याडिकल्, क्रान्तिकारी भन्ने स्त्रीवादको पनि स्त्री स्वतन्त्रता, स्त्रीमुक्ति र स्त्री क्रान्तिका कुरा, ती आ-आफ्नै वर्गका दायरा र सुविधाहरूभित्र पनि, अधिकतम र अतिरिक्त सुविधाहरूका लागि गरिने संघर्ष मात्रै हुन् । त्यसो हुँदा अतिरिक्त सुविधाहरुका लागि गरिने क्रान्ति ढिलै भए पनि हुन्छ । विस्तारै भए पनि हुन्छ । संसार अहिले नै परिवर्तन हुनुपर्छ भन्ने पनि हुँदैन र 'सिंगो संसारको परिवर्तन'को खाँचो पनि पर्दैन । यसको विपरित हरेक पल कठोर, निरश संघर्ष गरेर बाँच्नुपर्ने सर्वहारा महिलाहरूका लागि तर, सबैभन्दा पहिला, बढी र अहिले तत्कालै, तुरून्तै र चाँढै परिवर्तन चाहिएको हुन्छ वा आवश्यक हुन्छ । त्यसो र सर्वहारा महिलाहरू नै सबैभन्दा बढी परिवर्तनका पक्षधर, हिमायतीहरू हुन्छन् ।

निम्नमध्यम वर्ग र मध्यम वर्गकालाई यो संसार अहिले नै परिवर्तन हुनुपर्छ भनेर धेरै हुट्हुट्याउ छैन । यी वर्गलाई आज खाइसकेपछि भोलि खानलाई पनि पुग्छ । अझ यी वर्ग सम्भ्रान्त वर्ग र नवधनाढ्य वर्गमा रूपान्तरित हुँदै गएकाहरूसित नाति/पनातीको पालोसम्मका लागि पनि राम्रै जोहो गरिएको हुँदा आजै किन परिवर्तन चाहियो ? तुरून्तै किन क्रान्ति चाहियो ? क्रान्ति त बिस्तारै आफ से आफ, परिस्थिति बनेपछि आफ से आफ, आफै हुने, भइहाल्ने कुरा हो । दुर्गामी अनन्तः भविष्यको कुरा गरेर सुविधापूर्ण संक्रान्तिलाई भङ्ग गरेर कोरा अशान्तिको कुरा किन गर्नुपऱ्यो ! बरू अहिले सुविधापूर्ण संक्रान्तिमा चाहिएभन्दा बढी खाने र खान पाइने हुँदा तुरून्तै खाएको पचाउने र भुँडी घटाउने व्यायाम शालाहरू चाहियो । अहिले नै मरिन्छ भन्ने छैन, अब त्यसो र बुढेसकालसम्म पनि जवान, स्फूर्त, शारिरिक चुस्तफुस्त, सुन्दरता र मानसिक तन्दरूस्तीका लागि डायटिङ्ग, पार्क, रिसोर्टहरूमा हावा खानेदेखि सुन्दरताको सुखद अवलोकन गर्ने भ्यूटावरहरू चाहियो । लौकिक सुन्दरता र सपनामा पनि अलौकिक शान्ति कायमको लागी धार्मिक महन्त, सन्त सद्गुरू बाबाजीहरूको दिव्य बाणी र दिव्य प्रवचनहरू चाहियो । बुर्जुवा शान्ति, क्रान्ति र विद्रोह जे भने पनि र मध्यमवर्गीय बुर्जुवा शान्ति वा सम्भ्रान्त नारीमुक्ति क्रान्ति, बिद्रोह चेतना वा परिवर्तन जे भने पनि यही हो ।

सामन्ती बुर्जुवा कुरूप सौन्दर्य र सुन्दरताका विकृत चेतनाद्वारा दिग्भ्रमित मानसिकरूपले रोगी पीडित कुण्ठित सुन्दरीहरूले होइन कि दुनिँया बदल्न भौतिकरूपले र परिस्थितिले नै बाध्य श्रमजीवि सर्वहारा महिलाहरूले नै ढिलोचाँडो दुनियाँ बदल्नेछन् । जससित दुनियाँ बदल्ने संघर्षको विकल्पदेखि बाहेक अरू कुनै विकल्प, साधन, सहुलियत र सुविधाहरू छैनन् र हुँदैनन् । यसकारण दुनियाँका सबैभन्दा सुन्दरी भनेका श्रमजीवि महिलाहरू नै हुन् । जो पुँजीवादी कृत्रिम र बनावटी सुन्दरताबाट कत्ति पनि बिचलित र प्रभावित नभईकन जस्तोसुकै परिस्थितिमा पनि पुँजीवादसित टक्कर लिन सक्षम छन् र हुन्छन् ।

## तपाईंको राशिफल

मेष : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।

वृष : पारिवारिक कार्य सफल हुनेछ । प्रसन्नतामा वृद्धि हुनेछ ।

मिथुन : अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला ।

सिंह : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

कन्या : स्वास्थ्य लाभ र दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।

तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।

वृश्चिक : आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि हुनेछ ।

धनु : नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।

कुम्भ : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

## रौतहटका दुई पालिकामा तालाबन्दी

# मेयर भ्रष्टाचारमा लिप्त रहेको आरोप

**मध्यान्ह संवाददाता**
रौतहट, २५ पुस

नगर प्रमुखको कार्य शैलीबाट असन्तुष्ट भएका जनप्रतिनिधिहरुले रौतहटको कटहरिया नगरपालिका र गरुडा नगरपालिकामा गरेको तालाबन्दी जारी रहेको छ । नगर प्रमुखले एकलौटी रुपमा कार्यपालिका बैठक बिना बजेट सञ्चालन, कर्मचारी भर्ना, योजना कार्यान्वयन गर्ने गरेको भन्दै असन्तुष्ट भएका नगर उपप्रमुखले वडा अध्यक्ष र कार्यपालिका सदस्यको समर्थनमा नगरपालिकाको कार्यालयमा ताल्चा लगाएर धर्ना बसेका हुन् ।

कार्यालयमा तालाबन्दी गरेर आन्दोलनमा उत्रिएकी कटहरिया नगरपालिकाका उपप्रमुख रिता देवी यादवले अनावश्यक रुपमा आफ्नो आसेपासेलाई करार सेवामा नियुक्त गरी नगरपालिकाको रकम दुरूपयोग गर्न लागेको बताएकी छिन् ।

उपप्रमुख यादवले कार्यपालिका बोर्डको बैठक बोलाउनु पर्ने र खर्च सार्वजनिक गर्नुपर्ने भन्दा पनि नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जैसवाल कुनै वास्ता नगरेको कारण बाध्य भएर आन्दोलित हुनु परेको बताइन् ।

कटहरिया नगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ताले नगरप्रमुख जैसवाल मनोपोली ढंगबाट अनियमिततामा लागेकोले भ्रष्टाचार नियन्त्रण गर्नको लागि नगर प्रमुखविरुद्ध तालाबन्दी गरिएको बताए ।

वडा अध्यक्ष यादवले भने निजामती कर्मचारीको संख्या न्यून रहेको तथा नगरप्रमुखले नियुक्त गरेको कर्मचारीको संख्या कसैलाई थाहा नभएकोले वर्षमा ३५ लाख तलब खाने कर्मचारीको विवरण सार्वजनिक गर्नुपर्ने माग समेत गरेका छन् ।

पुस ८ गतेदेखि उठाइएको माग सम्बोधन गर्नु भन्दा पनि नगर प्रमुख आलटाल गर्दै आएकोमा १८ गते भएको बैठकमा उपस्थित नभइ आफ्नो कार्यकक्षमा पक्षका नगर सभा सदस्य तथा कार्यपालिका सदस्यबाट हस्ताक्षर गराउने कार्य गरेको जानकारी गराए ।

उनले भने २३ गते सबै माग बारे सम्बोधन गर्ने भनेका मेयर जैसवाल कार्यालय नआउँदा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा, योजना र शिक्षा शाखामा तालाबन्दी गरेर धर्ना बसेको हो । माग सम्बोधन नभएसम्म चरणबद्ध रुपमा संघर्ष जारी राख्ने चेतावनी समेत दिएका हुन् ।

विद्युत महसुल तिर्नुपर्ने, करार, ज्यालदारी सेवा नियुक्त गरिएको कर्मचारीको नाम सार्वजनिक गर्नुपर्ने, सफाईकर्मीको तलब दिनुपर्ने, इन्धन खर्च गरिएको सवारी साधनको नम्बरसहित सार्वजनिक गर्नुपर्ने, विकास निर्माणको लागि आएको रकम, आन्तरिक आय विवरण राजस्व बाँडफाँडको रकम सार्वजनिक गर्नुपर्ने, कृषि सिँचाइको लागि छुट्टयाइएको १ करोड़ रकममध्ये खर्च गरिएको ३० लाखको हिसाव किताब तथा माडवी संस्थासँग ह्याण्डपाइप जडानको लागि गरिएको सम्झौता अनुसार वितरण गरिको ह्याण्डपाइपको सार्वजनिक गर्नुपर्ने माग अघि सारिएको वडा अध्यक्ष गुप्ताले बताए । धर्नामा वडा नम्बर १ का वडा अध्यक्ष भूपेन्द्र महतो, वडा नम्बर ४ का वडा अध्यक्ष चन्दन कुशवाहा, वडा नम्बर ७ का वडा अध्यक्ष शहीद मिया, कार्यापालिका सदस्य जामुन ठाकुर लगायत तलब नपाएका सफाईकर्मी महिलाहरुको सहभागिता रहेको छ ।

नेकपा एमालेबाट निर्वाचित भएका गरुडा नगरपालिकाका मेयर कान्थमणी प्रसाद कलवारको रबैयाबाट पीडित बनेका नगर प्रमुख पुनम चौधरीसहितका निर्वाचित जनप्रतिनिधिले कार्यालयको मुख्य गेटमा ताल्चा लगाएर ६ दिन देखि धर्नामा बसेका हुन् ।

## मलेसियामा रोजगार

कम्पनी : Song Lin Agri Horti Sdn. Bhd.
शहर: Pahang

पूर्व स्वीकृत मितिः २०८०/०३/२४ | चलानी नं.: ६०२०४८२६ | LT. No.: 289559 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LAY HONG FOOD CORPORATION SDN. BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०५/०७ | चलानी नं.: ६०२०६६८८ | LT. No.: 291526 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 93 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ४ गते (18 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Apollo Manpower Services Pvt. Ltd.**
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH SHALEEL BIN HABIB AL-MUTAIRI FACTORY FOR INDUDTRY
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०६/२२ | चलानी नं.: ६०२०८८७९ | LT. No.:293717 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ७ गते (21 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
